# गोडैता नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गोडैता, सर्लाही
## मधेश प्रदेश , नेपाल

प.सं.:-२०८३/०८४
च.नं. ४४४

मिति : २०८३/०६/०१

**विषय : - उपभोक्ता समिति गठन सम्बन्धमा ।**

श्री सबै वडा कार्यालय
गोडैता न.पा.,सर्लाही

उपरोक्त सम्बन्धमा आ.ब.०८३।०८४ को लागि स्वीकृत नगर तथा वडा स्तरीय योजना तथा कार्यक्रमहरु मध्ये उपभोक्ता समितीबाट संचालन गर्नुपर्ने योजना तथा कार्यक्रमहरु यस नगरपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७५ अनुसार वडास्तरीय योजनाको तथा कार्यक्रमहरुको हकमा सम्बन्धित वडा अध्यक्ष र नगरस्तरीय योजना तथा कार्यक्रमहरुको हकमा नगर प्रमुख,उपप्रमुख वा निजले अधिकार प्रत्योजन गर्नुभएको प्रतिनिधि ज्यूको रोहवरमा नियमानुसार उपभोक्ता समिति गठन गरी सम्झौता गर्नको लागि तपसिल बमोजिमको कागजात सहित पठाउन हुन अनुरोध गरिन्छ ।

तपसील:-

१.उपभोक्ता समिति गठन भएको निर्णयको प्रमाणित प्रतिलिपी
२.उपभोक्ता समिति सदस्यहरुको नागरिकताको प्रतिलिपी
३.वडा कार्यालयको सम्झौताको सिफारिस
४.योजना संचालन हुने स्थानको स्पष्ट देखिने रंगिन फोटो र GPS TRACE नक्सा फोटो सहित
५.योजनाको स्वीकृत लागत अनुमान
६.उपभोक्ता समिती अध्यक्ष,कोषध्यक्ष र सचिवको दुई वटा पासपोर्ट साईजको फोटो
७.उपभोक्ता समिति गठनको लागि भेला हुने १५ दिने सुचना तथा सुचना टाँस मुचुलकाको प्रमाणित प्रतिलिपी
८उपभोक्ता भेलाको रंगिन फोटो
९.स्थान नखुलेको योजना तथा कार्यक्रमहरुको हकमा स्थान छनौट भई कार्यपालिकाबाट निर्णय भएर पछि मात्र समिति गठन हुने ।

..............................
हेम बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

हेम बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत